राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

# प्रेस नोट

२०७६ साउन १५

## वातावरण संरक्षणसम्बन्धी विधेयकमा आयोगको सुझाव

व्यवस्थापिका संसदको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिमा छलफलको क्रममा रहेको वातावरण संरक्षणसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकउपर राष्ट्रिय मानव अधिकार आयोगले नेपालको संविधानको धारा २४९ को उपधारा २ को खण्ड (च) को कार्यादेश बमोजिम सरोकारवाला निकाय तथा वातावरण विज्ञहरूसँग छलफल तथा दफावार पुनरावलोकन गरी संसदीय समिति समक्ष सुझाव पेश गरेको छ ।

समितिमा पठाइएको सुझावको विस्तृत विवरण यसैसाथ संलग्न गरिएको छ ।

वेद भट्टराई
सचिव/प्रवक्ता

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone : +977-1-5010015, Fax : +977-1-5547973, G.P.O. Box : 9182, Kathmandu, Nepal
Email : nhrc@nhrcnepal.org, Website : www.nhrcnepal.org

## वातावरण संरक्षण सम्बन्धी कानुनलाई संशोधन र एकीककरण गर्न बनेको विधेयक, २०७५ माथि राष्ट्रिय मानव अधिकार आयोगको दफावार सुझाव

**प्रस्तावना:** नेपालको संविधानको धारा १६ ले व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक र धारा ३० ले स्वच्छ वातावरणको हकको सुनिश्चितता गरेको एवम् संयुक्त राष्ट्रसंघका वातावरण सम्बन्धी विशेष समाधिक्षकले तयार गरको The framework principles on human rights and the environment ले निर्धारण गरेको ढाचाँगत सिद्धान्त नं १ अनुरुप बनाउन प्रस्तावनाको चुनौतीलाई सामना गर्नपछि **"एवम् सुरक्षित, स्वच्छ, र स्वस्थ वातावरणमा बाँच्न पाउने प्रत्येक नागरिकको मौलिक अधिकारको संरक्षण"** गर्नको भनी थप गरिन उपयुक्त हुने ।

**दफा २ -** **उपदफा (फ) मा** संयुक्त राष्ट्र संघीय वातावरणीय कार्यक्रमले विशेष समाधिक्षकको प्रतिवेदन अन्तर्गत निर्धारण गरी सार्वजनिक भएको ढाँचागत सिद्धान्त २ अनुकूल "वातावरणीय प्रभाव मूल्याङ्कन" को परिभाषा गर्नको लागि प्रभाव पार्ने वा नपार्ने पछि **"र त्यसरी वातावरणमा पर्ने प्रभावले मानव अधिकारको उपभोगमा (enjoyment of human rights) पार्ने असरको सम्बन्धमा"** भनी थप गर्न उपयुक्त हुने ।

**उपदफा (य)** पछि उपदफा (र) थप गरी मा नेपालको संविधान र विधेयकको प्रस्तावनामा नै प्रदूषकबाट क्षतिपूर्ति भराउने सम्बन्धी व्यवस्था भएको तर कानुनी रुपमा प्रदूषकको परिभाषा नगरिएकोले **'प्रदूषक'** को परिभाषा थप गरिन उपयुक्त हुने ।

**दफा ३ -** विधेयकको परिच्छेद ६ मा जरिवाना तथा क्षतिपूर्ति सम्बन्धी व्यवस्थामा कालोसूचीमा राख्ने सम्बन्धी व्यवस्था भएको तर सो सम्बन्धी व्यवस्था अघिल्ला परिच्छेदहरूमा उल्लेख नभएको सन्दर्भमा दफा (३) मा उपदफा थप गरी **'संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन, प्रारम्भीक वातावरणीय प्रतिवेदन, वातावरण प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गराउनु पर्ने प्रस्तावकले त्यस्तो प्रतिवेदन स्वीकृत नगरी नगराई कुनै आयोजना, परियोजना, निर्माण कार्य आदि सञ्चालन गरे गराएमा त्यस्तो व्यक्ति वा संस्थालाई कालो सूचीमा राख्न सकिनेछ'** भनी थप गर्न उपयुक्त हुने ।

**दफा ४-** उपदफा (१) मा संयुक्त राष्ट्र संघका वातावरण सम्बन्धी विशेष समाधिक्षकको प्रतिवेदन अन्तर्गत निर्धारण गरी सार्वजनिक भएको ढाँचागत सिद्धान्त ८ र १४ अनुकूल बनाउन प्रस्तावकले वातावरण अध्ययन प्रतिवेदनमा त्यस्तो प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावको पछि **"साथै सो प्रस्ताव कार्यान्वयनले समाजका कमजोर वर्गमा हुनसक्ने असन्तुलित असरको (disproportionate impact on the rights of vulnerable people) पनि विस्तृत विश्लेषण गरी त्यसलाई कम गर्न अवलम्बन गर्न सकिने उपायहरुको आधार"** भनी थप गर्न उपयुक्त हुने ।

**दफा ७ - उपदफा ५ लाई** संयुक्त राष्ट्रसंघका वातावरण सम्बन्धी विशेष समाधिक्षकको प्रतिवेदन अन्तर्गत निर्धारण गरी सार्वजनिक भएको ढाँचागत सिद्धान्त १५ अनुकूल बनाउन नदेखिएमा पछि **"एवम् सो प्रस्ताव कार्यान्वयन गर्दा सम्बन्धित समुदायमा बस्ने आदिवासी जनजातिको अधिकारमा नकारात्मक असर पर्ने नदेखिएमा"** भनी थप गर्न उपयुक्त हुने ।

**दफा १३** - नेपालको संविधानको **अनुसूची ५** को क्र.सं. १४ मा केन्द्रीय स्तरका ठूला विद्युत सिंचाई र अन्य आयोजना तथा परियोजना, क्र.सं. २० मा ... रेल तथा राष्ट्रिय लोकमार्गको व्यवस्थापन, क्र.सं. २६ मा खानी उत्खनन, क्र.सं. २७ मा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वातावरण व्यवस्थापन, राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा सिमसार क्षेत्र, राष्ट्रिय वन नीति, कार्बन सेवा, क्र.सं. २९ मा भूउपयोग नीति, बस्ती विकास नीति, पर्यटन नीति, वातावरण अनुकूलन सम्बन्धी **अधिकार संघको** हुने, **अनुसूची ६** को क्र.सं. ७ मा प्रदेश स्तरको विद्युत, सिंचाइ र खानेपानी सेवा, परिवहन, क्र.सं. १२ मा प्रदेश लोकमार्ग, क्र.सं. १७ मा खानी अन्वेषण तथा व्यवस्थापन, क्र.सं. १९ मा प्रदेश भित्रको राष्ट्रिय वन, जल उपयोग तथा वातावरण व्यवस्थापन र क्र.सं. २० मा ... कलकारखाना, औद्योगिकीकरण, व्यापार, व्यावसाय, यातायात सम्बन्धी अधिकार **प्रदेश सरकारको** हुने र **अनुसूची ८** को क्र.सं. ७ मा स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरू, क्र.सं. १० मा ... स्थानीय वातावरण संरक्षण र जैविक विविधता, क्र.सं. ११ मा स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाइ क्र.सं. १९ मा खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक ऊर्जा, क्र.सं. २० मा विपद व्यवस्थापन र क्र.सं. २१ मा जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी अधिकार स्थानीय तहको हुने भनी तोकिएको सन्दर्भमा यस दफामा उल्लेख गरिएको **वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगर्ने वा स्वीकृत गरेको प्रतिवेदन विपरित हुनेगरी आयोजना कार्यान्वयन भएमा त्यस्तो आयोजनाको कार्य रोक्ने अधिकार आयोजना/परियोजनाको प्रकृतिको आधारमा स्थानीय तह, प्रदेश सरकार र संघ गरी तिनै तहमा रहने व्यवस्था हुन उपयुक्त हुने ।**

**दफा १५**- उपदफा ७ मा गरिएको समय समयमा निर्धारित मापदण्डको मूल्याङ्कन गरिने शब्दको सट्टामा आवधिक रुपमा भनी उल्लेख गरिँदा नियमित रुपमा मूल्याङ्कन हुँदा वातावरण संरक्षित भई मानव अधिकार संरक्षणमा पनि योगदान पुग्ने भएकोले **'आवधिक रुपमा'** भन्ने शब्द राख्न उपयुक्त हुने ।

**दफा १६** - उपदफा २ मा नेपाल सरकारले मानव स्वास्थ्य र वातावरणमा उल्लेखनीय प्रतिकूल जोखिम नपार्ने वस्तु आयात गर्न सक्ने भएपनि **मानव स्वास्थ्यमा उल्लेखनीय प्रतिकूल जोखिम पार्ने किसिमका फोहोर आयात गर्न नसक्ने** व्यस्था गरिनु उपयुक्त हुने ।

**दफा १९**- उपदफा (१) मा कुनै उद्योग, कलकारखाना, यन्त्र, सवारी साधन जस्ता ... उपकरणबाट उत्सर्जन हुनसक्ने प्रदूषण तथा फोहोरमैलाको अध्ययन, जाँच, परीक्षण वा विश्लेषण गर्नको लागि नमूना संकलन गर्ने कार्यमा सम्बन्धित धनीले **आवश्यकता अनुसार नभई त्यस्ता**

**वस्तुको नमूना संकलन गर्न अनिवार्य रुपमा दिनुपर्ने** व्यवस्था गर्न उपयुक्त हुने । त्यसैले प्रस्तावित विधेयकमा रहेको आवश्यकता अनुसार भन्ने शब्द हटाउनु पर्ने ।

**दफा २० -** उपदफा १ मा भएको प्रदूषण नियन्त्रण प्रमाणपत्र दिन सक्ने व्यवस्थाको ... *तोकिए बमोजिम* हटाई त्यसपछि "**प्रत्येक पटकको परिक्षणमा तोकिएको मापदण्ड पालना भएको पाइएमा**" भनी थप गर्न उपयुक्त हुने ।

**दफा २१ -** मा भएको कुनै अधिकृत कर्मचारीलाई **वातावरण निरीक्षक** तोक्न सक्ने व्यवस्थाले वास्तविक रुपमा वातावरणीय अवस्थाको निरीक्षण हुनसक्ने विषय प्रभावकारी हुन नसक्ने हुँदा यस दफामा सर्वोच्च अदालतबाट सम्वत २०६० सालको रिट नं. २८९८ मा मिति २०६१/९/६/३ मा भएको आदेश बमोजिम (ने.का.प. २०६२ अंक ५, नि.नं. ७५३८) **कुनै अधिकृत कर्मचारीको सट्टामा वातावरण विज्ञान वा वातावरण व्यवस्थापन वा वातावरण इन्जिनियरिङ्ग विषय कम्तिमा स्नातक उत्तीर्ण व्यक्तिलाई निरीक्षक तोकिने व्यवस्था** राख्न उपयुक्त हुने ।

**यस** दफामा उपदफा थप गरी निम्न व्यवस्था हुन उपयुक्त हुने:-

**उपदफा -** वातावरण प्राविधिकहरूको योग्यता प्रमाणिकरणको (अनुमति प्रमाण पत्र दिनको) लागि चिकित्सकको हकमा मेडिकल काउन्सिल र कानुन व्यावसायीको हकमा नेपाल बार काउन्सिलले गरे झै छुट्टै निकायको व्यवस्था गरिनु पर्ने ।

**दफा २२ -** व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुने व्यवस्था नेपालको संविधानको धारा १६(१) र व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादा मानव अधिकार हो भनी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा २(च) मा परिभाषित भएको सन्दर्भमा यस दफाको **उपदफा ३ को ... प्रस्तावक पछि "र निरीक्षणको सिलसिलामा सम्बन्धित व्यक्ति वा संस्थाप्रति मर्यादित व्यवहार गर्नु निरीक्षक" भनी थप गर्न उपयुक्त हुने ।**

**दफा २३ -** उपदफा १ को तथा जोखिमको विषयमा पछि "**भविष्यमा पर्न सक्ने प्रतिकूल असर**" थप गरी उपदफा १ र २ मा प्रयोग भएका समय-समयमा भन्ने शब्दहरूको सट्टा "**आवधिक रुपमा**" भनी उल्लेख गर्न उपयुक्त हुने ।

**दफा २४ -** उपदफा २ मा व्यवस्था गरिएको अनुकूलन योजना बनाउँदा प्राथमिकता दिने वर्गमा ... ज्येष्ठ नागरिक पछि "**राज्यको तर्फबाट विशेष संरक्षण गर्नुपर्ने कुनै विशेष समुदाय त्यस्तो क्षेत्रमा बसोबास गरेको भए त्यस्तो समुदाय**" भनी थप गर्न उपयुक्त हुने ।

**दफा २५ -** यस दफाको उपदफा (१) मा हरितगृह ग्याँस उत्सर्जन सम्बन्धी गरिएको व्यवस्था स्वविवेकीय रुपमा छोडिने विषय नभएको हुँदा गर्न सक्नेछको सट्टामा "**गर्नेछ**" भनी परिमार्जन गर्न उपयुक्त हुने ।

**दफा ३० -** नेपाल सरकारको भर्खरै अवधि समाप्त भएको मानव अधिकार राष्ट्रिय कार्यायोजनाले विकासलाई मानव अधिकारसँग जोड्ने भनी प्रतिबद्धता भइसकेको अवस्था र विकासको

अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, १९८६ जारी भई सकेको तथा नेपालले अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ अनुमोदन गरि सकेको सन्दर्भमा यस दफाको उपदफा ७ को वातावरण संरक्षण क्षेत्र बमोजिम कायम गरिएको वा तोकिएको क्षेत्रको व्यवस्थापन सम्बन्धी व्यवस्थापमा स्थानीय समुदायलाई सहभागी गराउन सकिनेछ भन्ने व्यवस्थाको सट्टामा **"स्थानीय समुदायको सहकार्य र सहभागीतामा गरिनेछ"** भनी परिमार्जन गर्न उपयुक्त हुने ।

**दफ ३२ -** दफा ३२ बमोजिम गठन हुने वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन राष्ट्रिय परिषदको गठन गरिँदा पदेन पदहरूलाई प्राथमिकता दिँदा वातावरण विषय विज्ञको *प्रतिनिधित्व कम* हुने देखिएको, नेपालको संविधानको प्रस्तावनामा नै ... आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक ... समाजको निर्माण गर्ने उल्लेख भएको एवं धारा ४२(१) मा तोकिएका समुदायलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुने भनी उल्लेख भएको सन्दर्भमा **राष्ट्रिय परिषदलाई सदस्य संख्या थप गरेर भएपनि विषय विज्ञहरूको सम्मानजनक उपस्थिति हुनेगरी राज्यले अवलम्बन गरेको समानुपातिक र समावेशी सिद्धान्त अनुकुल** बनाउन उपयुक्त हुने ।

**दफा ३३ -** उपदफा (१) मा उल्लेख गरिए बमोजिम परिषदको बैठक वर्षमा एक पटक मात्र बस्दा त्यस्तो निकाय सक्रिय रहेको अनुभूति गर्न सकिने अवस्था नहुने र वातावरण संरक्षण र सम्बर्द्धन भई मानव अधिकारको रक्षामा समेत प्रभाव पर्ने हुँदा उपदफा १ मा रहेको एक वर्षको सट्टा **"अनिवार्य रुपमा छ महिनामा"** भनी परिमार्जन गर्न उपयुक्त हुने ।

**दफा ३४ -** मा उपदफा (१) थप गरी राज्यले अवलम्बन गरेको मानव अधिकारमुखी विकास पद्धतिको कार्यान्वयन हुने निम्न व्यवस्था राख्न उपयुक्त हुने :-

**(१) परिषदले आफ्ना काम, कर्तव्य र अधिकारको प्रयोग गर्दा मानव अधिकारमुखी विकास पद्धतिको अवलम्बन गर्न सक्नेछ ।**

**दफा ३५ -** उपदफा (१), (३) र (५) मा तोकिएको जरिवानामा माथिल्लो हद तोकिएको भएपनि शुरू हद नतोकिएको हुँदा त्यसले निर्णय गर्ने अधिकारीलाई स्वेच्छाचारी पनि बनाउन सक्ने अवस्था रहेको देखिँदा **शुरू हदपनि तोक्न** उपयुक्त हुने ।

**उपदफा ८ पछि उपदफा** (९) थप गरी निम्न व्यवस्था थप राख्न उपयुक्त हुने ।

(९) **माथिका उपदफाहरूमा जुनसुकै कुरा लेखिएको भएता पनि वातावरण प्रदूषण रोक्नको लागि कुनै उद्योग वा कलकारखानाले पर्याप्तमात्रामा उपकरणहरू जडान सहितको उपाय अवलम्बन नगरेको कारण कुनै व्यक्तिको मृत्यु हुन गएमा त्यस्तो घटनामा प्रचलित कानुन बमोजिम कारवाही गर्न यस ऐनले बाधा पुऱ्याएको मानिने छैन ।**

**दफा ३६** - उपनियम (१) मा गरिएको प्रारम्भिक वातावरणीय परिक्षण, संक्षिप्त वातावरणीय अध्ययन वा वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन स्वीकृत नगराए विरुद्धको उजूरी सुन्ने सम्बन्धी व्यवस्था **स्थानीय तह स्तरको आयोजना वा परियोजनाको हकमा स्थानीय न्यायिक समिति, प्रदेश तथा संघ स्तरको जिल्ला अदालत र तिनै तहबाट सञ्चालित आयोजना वा परियोजनाबाट भएको मानव अधिकार उल्लंघनको विषयमा राष्ट्रिय मानव अधिकार आयोगमा** निवेदन गर्न सक्ने व्यवस्था हुन उपयुक्त हुने ।

**दफा ३६** - नेपाल कानुनहरूमा भएका क्षतिपूर्ति सम्बन्धी व्यवस्थाको कार्यान्वयन पक्ष झन्झटिलो भई राज्यका निकायबाट क्षतिपूर्ति पाउने निर्णय भएपनि पीडितले न्याय पाएको अनुभूति गर्न वर्षौंसम्म पर्खनु परेका उदाहरण कैयौं भएका र त्यसबाट राज्यको न्याय प्रणाली र पीडितको शीघ्र न्याय पाउने अधिकारको उपभोगमा पटक-पटक आएका अवरोधको अनुभवबाट यस दफाको उपदफा ५ पछि निम्न व्यहोरा सहित उपदफा ५क थप गर्न उपयुक्त रहेको :-

(५क) **यस ऐन बमोजिमको क्षतिपूर्ति पीडितलाई तीन महिना भित्रमा भराई सक्नु पर्नेछ । तोकिएको अवधिभित्र क्षतिपूर्ति नभराउने सम्बन्धित कर्मचारीलाई विभागिय कारवाही गरिनेछ ।**

**दफा ३८** - माथि उल्लेख गरिए बमोजिम दफा १३ मा उल्लेख गरिए बमोजिम वातावरण संरक्षण सम्बन्धी संवैधानिक अधिकार भएको सन्दर्भमा उपदफा १ मा नेपाल सरकार पछि **"प्रदेश सरकार र स्थानीय तहका सरकारले वातावरण संरक्षण योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछन्"** भनी थप गर्न उपयुक्त हुने ।

**उपदफा (३) मा** ... अभ्यासलाई पछि **"स्थानीयको सहभागिता, योगदान र प्रतिफल सुनिश्चित हुने गरी"** थप गरी विकासको अधिकार सम्बन्धी घोषणापत्रको व्यवस्था कार्यान्वयन गर्न उपयुक्त हुने ।

**दफा ३९** - नेपालको संविधानको धारा ३० ले स्वच्छ वातावरणमा बाँच्न पाउने मौलिक हक प्रदान गरेको, सर्वोच्च अदालतले सम्वत २०४९ सालको रि.पु.इ.नं. ३५ मा मिति २०५२ कार्तिक १४ गते नै आदेश गर्दै प्रदूषित वातावरणमा मानव जीवन खतरामा हुने र त्यस्तो वातावरणबाट मुक्ति पाउने व्यक्तिको हक अधिकारको कुरा हुने उल्लेख गर्दै पर्यावरणको सम्बन्ध परोक्ष रुपमा मानिसको जीउ ज्यानसँग सम्बन्धित हुने एवं स्वच्छ स्वस्थ वातावरण जीवनको समग्रताको अंग भएकोले जीउने अधिकारभित्र स्वच्छ स्वस्थ वातावरणको हक पनि अन्तरभूत हुने भनी भएको आदेश; नेपालको संविधाको धारा २४९(१) ले आयोगलाई मानव अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने जिम्मेवारी आयोगलाई दिएको, राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ४(१) को खण्ड (क) ले मानव अधिकारको संरक्षणका लागि कारागार, नेपाल सरकारका अन्य निकाय, सार्वजनिक संस्था वा निजी संस्था वा अन्य कुनै ठाउँको निरीक्षण तथा अनुगमन गर्ने, गराउने र मानव अधिकारको संरक्षणको लागि त्यस्ता निकाय, संस्था वा ठाउँमा गर्नु पर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक सुझाव वा निर्देशन दिने भनी निर्देश

गरेको समेत अवस्थामा यस ऐनको उपदफा (२) पछि (२क) थप गरि निम्न व्यवस्था हुन उपयुक्त हुने :-

**(२क) स्वच्छ वातावरणको अभावमा मानव अधिकारमा परेको प्रभावको बारेमा राष्ट्रिय मानव अधिकार आयोगले अनुगमन गरी आवश्यकता अनुसार संघ, प्रदेश र स्थानीय तहका सरकारलाई सिफारिस गर्न सक्नेछ ।**

**विधेयकमा समावेश गरिनु पर्ने थप सुझावहरू**

१. परिच्छेद ४ का विभिन्न दफा तथा उपदफाहरूमा प्रयोग भएका सक्नेछ/सक्नेछन भन्ने शब्दबाट जलवायु परिवर्तन सम्बन्धमा प्रभावकारी रुपमा कार्य हुन नसक्ने अवस्था उत्पन्न हुने भएकोले ती शब्दको सट्टा गर्न गर्नेछ/गर्नेछन् भन्ने शब्द राख्न उपयुक्त हुने ।
२. नेपाल सरकारले आफूले सञ्चालन गर्ने वा ठेकदारबाट सम्पन्न गर्ने, गराउने आयोजना/परियोजना मानव अधिकारमुखी विकास पद्धतिको अवलम्बन गरि सम्पन्न गर्नेछ ।
३. प्रदूषण मापदण्ड पूरा नगरेका/नगर्ने उद्योग कल कारखाना वा सवारी साधनलाई तोकिएबमोजिमको दण्ड जरिवानाको व्यवस्था गरिनेछ ।
४. वातावरण प्रदूषणमा प्रतिकूल प्रभाव हुने गरी प्लाष्टिकजन्य पदार्थहरू जलाउन प्रतिबन्ध लगाउने विषय
५. वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यस्थान राष्ट्रिय परिषद र विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद बीचको समन्वयनको विषय ,
६. फोहोर संकलन गर्दा श्रोतमा नै वर्गिकरण गरी फाहोर व्यवस्थापन गर्ने विषय ।
७. उद्योगहरूको प्रकृतिको आधारमा अनिवार्य प्रदूषण उपकरण जडान गरिनु पर्ने विषय ।
८. वातावरण सम्बन्धी छुट्टै सेवाको गठन गरिनु पर्ने सम्बन्धी विषय ।
९. संघ, प्रदेश र स्थानीय तहसम्म वातावरण क्षेत्रको संस्थागत विकास गरिने विषय विधेयकमा स्पष्ट रुपमा आउन सकेको नदेखिँदा सो सम्बन्धी व्यवस्था हुन उपयुक्त हुने ।
१०. वातारण सम्बन्धी कार्य गर्ने सरकारी निकायलाई पूर्ण अख्तियारी सहित कार्य गर्ने कार्यादेश ऐनमा नै स्पष्ट गरिनु उपयुक्त हुने ।